# दुधपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गौंडा , गण्डकी- प्रदेश नेपाल

**शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना ।**

**प्रथम पटक सुचना प्रकाशित मिति २०७७।०५।०९**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ घ (६), सोही दफाको उपदफा २ घ (११) तथा प्रदेश सरकारबाट जारी भएको ढुङगा, गिट्टी, बालुवा उत्खनन् संकलन, क्रसिङ तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ अनुसार यस गाउँपालिकाको आ.व. २०७७।७८को लागी निम्न शिर्षकहरुमा कर, सेवाशुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्काबन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो १५दिने सुचना प्रकाशित गरिएको छ ।मिती २०७६।०५।२३ गतेको कार्यालय समय भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइतोकिएको दरभाउपत्र दस्तुर सिभिल बैक गौडा शाखाको खातानम्बर ०५९१०१७०५२४११४ मा तिरी यस कार्यालयमा पेश गरि दरभाउपत्र खरिद गर्न सक्नेछन । मिति २०७६।०५।२४ गतेको मध्यान्ह १२ :०० बजे भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थपजानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्र दाताले यस कार्यालयको Website: www.dudhpokharimun.gov.np हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

तपसिल

ढुंगा गिट्टी बालुवा लगायत प्राकृतिक एबम खानीजन्य बस्तुको बिक्रि तथा निकाशी शुल्क

| क्र.स. | सूचन न./ठेक्का न . | उत्खनन कार्य गर्ने घाट अथवा ठाउँको नाम | उत्खनन/संकलन गर्न सकिन परिमाण (घन फीट ) | दरभाउ खरिद दस्तुर रू | आ. ब.२०७७/७८ को लागि न्युनतम अंक (मु. अ. कर) बाहेक | धरौटी रकम रू |
|---|---|---|---|---|---|---|
| १ | 077-78-1/DPRM/SQ-1 | चेपे नदि - कुनाघाट (वार्ड न 1) | ११९९८ | १०००/- | ८३९८६ | दरभाउपत्रदाताले कबोल गरेको अंकको कम्तिमा ५ % ले हुने रकम धरौटी राख्नुपर्नेछ |
| २ | 077-78-2/DPRM/SQ-1 | चेपे नदि - त्रिबेनिघाट (वार्ड न २) | १०४१० | १०००/- | ७२८७० | |
| ३ | 077-78-3/DPRM/SQ-1 | चेपे नदि - पोखराटारघाट (वार्ड न ४) | ९१७५ | १०००/- | ६४२२५ | |
| ४ | 077-78-4/DPRM/SQ-1 | चेपे नदि - धरलबेसीघाट (वार्ड न ४) | ८६४५ | १०००/- | ६०५१५ | |
| ५ | 077-78-5/DPRM/SQ-1 | चेपे नदि - कुयलेघाट (वार्ड न ४) | ८४६९ | १०००/- | ५९२८३ | |
| ६ | 077-78-6/DPRM/SQ-1 | लाङ्गदी खोला - जोगिबगर (वार्ड न २) | १५८७९ | १०००/- | १११153 | |

यस गाउँपालिकाबाट हुने ढुंगा, गिट्टी, बालुवाको उत्खनन तथा बिक्रिकोलागि गण्डकी प्रदेश सरकारले तोकेको दररेट, ढुंगा-रू७, बालुवा -रू७,गिट्टी-रू७ ( सबैघनफूटमा ) (मूल्यअभिवृद्धिकर बाहेक) बमोजिम हुनेछ ।

कृष्ण प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत

कृष्ण प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत

**ढुँगा, गिट्टि, वालुवा लगायत प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकाशी शुल्क सम्बन्धि शर्तहरु :-**

१) दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिको हकमा (रु. १ लाख ५० हजार सम्मको न्युनतम अंक सम्म मात्रै ) नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं., पछि फिर्ता नहुने गरि दरभाउपत्र दस्तुर सहित निवेदन पेश गरि यो सुचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्रौं) दिनको कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ । दरभाउपत्र पेश गर्न ईच्छुक फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई पछि फिर्ता नहुने गरि तोकिएको दस्तुर नगदै तिरी यो सुचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्रौं) दिनको कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र सूचना प्रकाशित मितिले १६ (सोह्रौं) दिनको मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको सिभिल बैंक लिमीटेड गौडा स्थित खाता नं. ०५९१०१७०५२४०९२धरौटी खातामा खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्रहरु दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको सिभिल बैंक लिमीटेड गौडा स्थित खाता नं. ०५९१०१७०५२४१२२विभाज्य खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७८ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमूष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७७ साल मंसिर मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७७ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) विगतवर्षहरुमा ठेक्कालिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकीहुनेले फछ्र्यौट नगरे सम्म दरभाउपत्र प्रक्रियामा भाग लिन पाउने छैनन् ।

८) प्राप्तदरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वाआंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९) ढुङ्गा, गिट्टी र वालुवाको परिमाण IEE मातोके भन्दा बढी उत्खनन् तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन् तथा संकलनगर्ने अवधी २०७७असोज १ गते देखि २०७८ जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सम्बन्धीकार्य गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ तथाप्रदेश सरकारबाट जारी भएको ढुङगा,गिट्टी,बालुवा उत्खनन्, संकलन, कसिङ तथा कसर उधोग स्थापना र संचालनलाइ ब्यबस्थित गर्ने कार्यबिधि २०७५ बमोजिमगर्नुपर्नेछ ।

१०) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै नेपाल सरकार र यस गाउंपालिका बाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ

११) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्वशाखामा सम्पर्क गर्न सकिने छ ।

१२) व्यक्तिगत सम्पत्तीलाई क्षतिपुग्ने गरि र सार्वजनिक निर्माण संरचना-वाँध, कुलो, पैनी,पुल, आदिको ५०० मीटर दायाँवायाँ/तलमाथी र प्राकृतिक वातावरणीय दृष्टिले प्रतिकुल असर पुग्ने र नदिको स्वाभाविक प्रवाहमा प्रतिकूल असर पर्ने गरि ढुँगा गिट्टि र बालुवा आदी वस्तु निकाल्न पाईने छैन र ह्यावीइक्यूपमेन्ट अर्थात एक्जाभेटर जस्ता मेशिनरी साधनप्रयोग गरी माल वस्तु उत्खनन गर्न पाइने छैन यदी यसरी प्रयोग गरेको पाईएमा रु ५०,०००।- सम्म

कृष्ण प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत